<u>**प्रयोग गर्नुअघि जाँच गर्ने**</u>

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका**
**नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेटले**
राष्ट्रिय मानवअधिकार आयोग (आयोग)सँगको *सहकार्यसम्बन्धी मार्गनिर्देशन*मा हस्ताक्षर समारोहमा दिनुभएको मन्तव्य
**२०६५ फागुन ९**

राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय तथा सदस्यहरू, आयोगका कर्मचारी, सञ्चारकर्मी, सहकर्मी, महिला तथा सज्जनवृन्द:

उच्चायुक्तको कार्यालय-नेपालले आयोगसँगका यी *सहकार्यसम्बन्धी मार्गनिर्देशनहरू*मा आज हस्ताक्षर गरेकोमा म अत्यन्त खुसी छु। यी मार्गनिर्देशनहरूले मेरो कार्यालय - उच्चायुक्तको कार्यालय-नेपाल - र आयोगबीच निरन्तर तथा उच्च सहकार्यका लागि खाका प्रदान गर्छन् र विविध सीप, ज्ञान र अनुभवमा आधारित यी दुई सङ्गठनहरूबीचको परिपूरक सम्बन्धले नेपालमा मानवअधिकारको सुदृढीकरणमा ठूलो योगदान दिने कुरालाई आत्मसात गर्छन्।

यी मार्गनिर्देशनहरू क्रियात्मक प्रकृतिका छन्। यिनले आयोगको संवैधानिक कार्यदिश र सरकारसँग भएको उच्चायुक्तको कार्यालयको सम्झौतामा परिभाषा गरिएअनुसार नेपालमा उच्चायुक्तको कार्यालयको कार्यदिशको सम्मान गर्छन्।

सहकार्यका मुख्य क्षेत्रहरूमा जानकारी तथा शैक्षिक सामग्रीको प्रचारप्रसारमार्फत् मानवअधिकारको प्रवर्द्धन र, *अन्य कुराका अतिरिक्त,* सरकार, कानुनको पालना गराउने अधिकारीहरू र नागरिक समाजलगायतका लागि संयुक्त रूपमा तालिमको आयोजना गर्ने कुरा पर्नेछन्। मानवअधिकारका लक्ष्यहरूको प्राप्ति तथा उपयुक्त देखिएमा नागरिक समाजका साझेदारहरू - विशेषगरी मानवअधिकार रक्षक - सँग संयुक्त गतिविधि सञ्चालन गर्न उच्चायुक्तको कार्यालय र आयोग दुवै सक्रिय रूपमा संलग्न भइरहनेछन्।

उच्चायुक्तको कार्यालयले आफ्नो कार्यदिशअनुरूप नेपालमा मानवअधिकारको अनुगमन जारी राख्नेछ र विगत पाँच वर्षमा आफूले अनुसन्धान गरेका घटनाहरूको अनुगमन गर्नेछ, तर मानवअधिकार उल्लङ्घनका नयाँ उजुरीहरूलाई आयोगमा पठाउनेछ। त्यसपछि मेरो कार्यालयले प्राविधिक सहायता तथा सल्लाहकारी सेवा उपलब्ध गराउन र यी घटनाहरूमा संयुक्त गतिविधिहरू गर्न आयोगसँग क्षेत्रीय तथा राष्ट्रिय तहमा नियमित रूपमा बैठक गर्नेछ।

यी सहकार्यात्मक प्रयासहरूमार्फत् आयोग र उच्चायुक्तको कार्यालय-नेपालले दण्डहीनताविरुद्धको लडाइँलगायत मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण अभिवृद्धि गर्ने जिम्मेवारी बाँडफाँड तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूलाई सरकारले परिपालना गर्ने कुरालाई प्रवर्द्धन गर्ने लक्ष्य लिएका छन्।

अन्त्यमा, म उच्चायुक्तको कार्यालय-नेपाल आयोगसँग अझ नजिक रही कार्य गर्न प्रतीक्षारत छ भन्न चाहन्छु।